# सूर्योदय नगरपालिका इलामको आधारभूत तथा माध्यमिक शिक्षा ऐन,२०७६ लाई संशोधन गर्न वनेको ऐन।

मितिः

---

सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शि क्षा ऐन ०७६ लाई समय सापेक्ष संशोधन गर्न बा न्छनीय भएकोले सूर्योदय नगरपालिकाको छैठौं नगरसभाले यो ऐन जारी गरी लागू गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः-

१. यो ऐनको नाम "सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा (प्रथम संशोधन) ऐन, ०७६" रहेको छ।

२. यो ऐन नगर सभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

१. मूल ऐनको दफा २ को परिभाषा खण्डमा "र" नम्बर थप गरी "विशिष्टीकृत तथा समतामूलक विद्यालय" भन्नाले नगरपालिकाले नमुना विद्यालय भनी छनौट गरेका , विशेष शिक्षा दिने विद्यालय , सूर्योदय घुम्ती विद्यालय, व्यवस्थापनमा विशिष्ट प्रकृतिको विशेषता र अभ्यास भएका विद्यालयलाई सम्झनु पर्छ।

२. मूल ऐनको दफा २ को "ल" नम्बर थप गरी शैक्षिक "सहकारी संस्था" भन्नाले विद्यालय वा शिक्षण संस्था स्थापना वा सञ्चालन गरी शिक्षा क्षेत्रको विकासमा सहयोग पुर्याउने उद्देश्य राखी प्रचलित कानुन बमोजिम स्थापना भएको सहकारी संस्था सम्झनु पर्छ ।

३. मूल ऐनको दफा २ को "व" नम्बर थप गरी "पूर्व विद्यार्थी परिषद (Alumni)" भन्नाले पूर्व विद्यार्थीहरुको संस्था सम्झनु पर्छ ।

४. मूल ऐनको दफा २ को "श" नम्बर थप गरी विद्यालय विद्यार्थी परिषद (School Students Council) भन्नाले कक्षा ६ देखि १२ सम्मको विद्यार्थीहरुको परिषदलाई सम्झनु पर्दछ ।

५. मूल ऐनको दफा ३ को उपदफा ६को ई थप गरी यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाले आफ्नै श्रोतमा सार्वजानिक विद्यालय सं चालन गर्न आवश्यक ठानेमा आवश्यक पूर्वाधार पूरा गरी सोझै विद्यालय स्थापना गर्न सक्ने छ।

६. मूल ऐनको दफा ३ को उपदफा ७ को उ थप गरी यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि व्यक्तिगत मुनाफा नलिने शर्तमा मात्र विद्यालय स्थापना गर्ने अनुमती स्वीकृति नगरपालिकाले दिन सक्नेछ भन्ने व्यवस्था थप गरिएको छ।

७. मूल ऐनको दफा ४ मा नमुना विद्यालय भन्ने शब्द हटाई सो को सट्टा विशिष्टीकृत विद्यालय भन्ने शब्दावली राखिएको छ।

८. मूल ऐनको दफा ७ मा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, पछाडी नगर घुम्ती विद्यालय भन्ने शब्दावली थप गरिएको छ। सोही दफाको "क" नम्बरमा समेत नगर घुम्ती विद्यालय शब्दावली थप गरी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ भन्ने वाक्यांश समेत थप गरिएको छ।

९. दफा १० को नगर शिक्षा समितिको गठनमा शिक्षक अभि भावक संघबाट एक जना सदस्य र अपाङ्गता भएका व्यक्तिहरुको संस्थाबाट एक जना सदस्य थप गरिएको छ।

१०. दफा ४४ मा प्रधानअध्यापक सम्बन्धी व्यवस्थामा उपदफा "झ" नम्बर थप गरी यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विशिष्टीकृत विद्यालय अन्तर्गत सूर्योदय नगरपालिकाले नमुना विद्यालय भनी स्थापना गरिएका विद्यालयहरुमा करारमा प्रधानाध्यापक नियुक्ति गर्न कुनै वाधा पर्ने छैन। सो सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. दफा १८ मा प्रारम्भिक बाल शिक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ भन्ने वाक्यांश हटाई सो को सट्टा नगरपालिकाले आवश्यकताको आधारमा बाल विकास केन्द्र स्थापना गर्न

सक्नेछ । यसरी बाल विकास केन्द्र स्थापना गर्दा प्रत्येक विद्यालयमा कम्तीमा एउटा बाल विकास केन्द्र रहने गरी व्यवस्था गरिनेछ। सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. दफा ४५ मा उपदफा २ थप गरी प्रत्येक माध्यमिक विद्यालयमा कक्षा ६ देखि १२ सम्मका विद्यार्थीहरुको विद्यालय विद्यार्थी षरिषद (School Students Council) हुनेछ। सो सम्बन्धी अ न्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. दफा ९ को पाठ्यक्रम सम्बन्धी व्यवस्थामा नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण समिति गठन गर्न सक्नेछ भनिएकोमा विशेषज्ञ सहितको पाठ्यक्रम निर्माण समिति गठन गर्न सक्ने व्यवस्था गरिएको छ।

१४. दफा २५ मा उपदफा ३ थप गरी विद्यालयलाई व्यवस्थित र गुणस्तरीय शिक्षाको निम्ती पूर्व विद्यार्थी परिषद (Alumni) गठन गर्न सक्नेछ र सो सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. दफा २५ को विद्यालय कोष सम्बन्धी दफा १ को “च ” थप गरी पूर्व विद्यार्थी परिषद (Alumni) बाट प्राप्त रकम भनी थप गरीएको छ।

१६. दफा १० को उपदफा ४ को नगर शिक्षा समितिको काम कर्तव्य र अधिकारमा “फ” नम्बर थप गरी सहकारी विद्यालय स्थापना गर्ने “भ” नम्बर थप गरी सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्ने अधिकार थप गरिएको छ।

१७. दफा ५६ मा बाधा अड्का उ फुकाउने सम्बन्धी अधिकारमा उपदफा २ थप गरी नगरपालिकाले आवश्यकताको आधारमा समय सा पेक्ष यस ऐनमा आवश्यक संशोधन ग र्न सक्नेछ भन्ने व्यवस्था थप गरिएको छ।

आज्ञाले
प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत